नेपाली राजदूतावास, अबुधाबी
Tel.: +971-2-6344767/6344385
E- mail: eonabudhabi@mofa.gov.np
Website: www.ae.nepalembassy.gov.np

# राहदानी फाराम भर्दा ध्यान दिनुपर्ने कुराहरुः

नयाँ प्रणालीबाट राहदानी फाराम भर्दा राहदानी आवेदनका लागि तपसिलका ५ प्रकारका Application Type हरु रहेको र प्रत्येक Application Type फरक प्रकृतिको रहेकोले देहायका प्रकारहरुमा निम्नबमोजिमको अवस्था यकीन गरेरमात्र फाराम भर्नुहुन अनुरोध गर्दछौः

१. **First Issuance (New)/पहिलो पटक राहदानी लिनेः** यसमा पहिलो पटक राहदानीको लागि आवेदन दिंदामात्रै यस खण्डमा गई फाराम भर्नुहुन। जस्तैः UAE मा जन्मिएका नवजात शिशुको लागि राहदानी बनाउनु पर्ने भएमा।

२. **Passport Renewal/राहदानी नवीकरण गर्नः** देहायका अवस्थामा यस खण्डमा गई फाराम भर्नुहुनः

- राहदानीको म्याद सकेको वा १ वर्षभित्र सकिन लागेको; वा
- राहदानीको पाना सकिएको; वा
- राहदानीमा राष्ट्रिय परिचयपत्र नम्बर (National Identity Number) थप गर्नु परेमा; वा
- नेपालमा बसोबास गर्ने ठेगाना (Residential Address) update/change गर्नुपरेमा। जस्तैः पहिलेको गाउँ विकास समितिबाट हालको नगरपालिका/गाउँपालिका तथा वार्ड नं. परिवर्तन भएको खण्डमा वा बसाईसराई गरी ठेगाना परिवर्तन गरेको भएमा।

३. **Replacement (Damaged)/सट्टा राहदानी (बिग्रिएको)**: देहायको अवस्थामा यस खण्डमा गई फाराम भर्नुहुनः

- राहदानीको पाना च्यातिएमा, वासिङ्ग मेसिनमा परि पानाहरु खराब भएमा, केही दाग (मसी) लागेर वा कोरिएर, वा अन्य केही कारणले राहदानी damage (बिग्रिएको) भएमा।
- राहदानी damaged भएको र निजले राहदानीको लागि निवेदन दिने बखत राहदानीमा राष्ट्रिय परिचयपत्र नम्बर (National Identity Number) थप गर्नु परेमा वा नेपालमा बसोबास गर्ने ठेगाना (Residential Address) update/change गर्नु परेमा ।

४. **Passport Replacement (Lost/Stolen)/ सट्टा राहदानी (हराएको/चोरी भएको)**:

- राहदानी हराएमा वा चोरी भएमा यस खण्डमा गई फाराम भर्नुहुन।
- राहदानी Lost/Stolen (हराएको/चोरी) भएको र निजले राहदानीको लागि निवेदन दिने बखत राहदानीमा राष्ट्रिय परिचयपत्र नम्बर (National Identity Number) थप गर्नु परेमा वा नेपालमा बसोबास गर्ने ठेगाना (Residential Address) update/change गर्नु परेमा।

५. **Modification (Data Correction)/विवरण त्रुटी भएकोः** यसमा देहायको अवस्थामा कुनै data सच्याउनुपर्ने भएमाः

- पुरानो राहदानी (Passport) मा नाम, थर, जन्ममिति, नागरिकता प्रमाणपत्र नम्बर र जन्मस्थानमा त्रुटी हुनगएको र सो सच्याउनु (Correction गर्नु) पर्ने भएमा;

**नेपाली राजदूतावास, अबुधाबी**
Tel.: +971-2-6344767/6344385
E- mail: eonabudhabi@mofa.gov.np
Website: www.ae.nepalembassy.gov.np

- नाबालक परिचयपत्रको आधारमा बनेको राहदानीलाई नागरिकताको आधारमा बनाउनु परेमा;
- हालको राहदानीमा थर (Surname) थप गर्नु परेमा वा हटाउनु परेमा। जस्तैः विवाह भएको अवस्थामा 'थर' थप गर्नुपर्ने हुनसक्छ र सम्बन्ध विच्छेद (Divorce) भएको अवस्थामा 'थर' हटाउनु पर्ने हुनसक्छ।

साथै, विदेशबाट राहदानीको लागि आवेदन गर्दा राष्ट्रिय परिचयपत्र नम्बर (National Identity Number) राख्न अनिवार्य नभएको तर यदी तपाईंसँग राष्ट्रिय परिचयपत्र छ र सोको नम्बर राहदानीको आवेदनमा राख्न चाहनु हुन्छ भने सो नम्बर फाराममा उल्लेख गरी अनिवार्य रुपमा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बर भएको फाराम राहदानीको फाराम भर्ने बखत (समय)मा नै system (प्रणाली) मा upload (प्रविष्ट) गर्नुहुनसमेत अनुरोध छ।

नेपाली राजदूतावास,
अबुधाबी।
१९ अगस्त २०२६